# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०१।२१ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

नारायणी अस्पताल, वीरगंजको आकस्मिक कक्ष भवन निर्माणको ठेक्कामा कूल लागतको ३.५% हिस्सा Interlock Block बिछ्याउने रहेको र मुख्य निर्माण कार्य नभई सहायक निर्माण कार्य रहेको उक्त निर्माण कार्यमा M35 Interlock Block बिछ्याउने कार्यका आधारमा मात्रै बोलपत्र अस्वीकृत गरी मिलेमतोमा राज्यलाई हानिनोक्सानी गरेको र प्रतिस्पर्धालाई सीमित हुने गरी बोलपत्रमा योग्यताका आधार तोकिएको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा आ.ब. २०७७/०७८ मा नारायणी अस्पताल वीरगंजको आकस्मिक कक्ष निर्माण सम्बन्धी ठेक्का प्रक्रियामा सार्वजनिक खरिद ऐन तथा नियमावली विपरीत हुने गरी Interlocking tile लाई भवन निर्माणको मुख्य आइटमको रुपमा समावेश गरेको, शिवाको/विकास एण्ड ब्रदर्स/वि.जी. जे.भी.ले काठमाडौं उपत्यका सडक विस्तार आयोजनामा Gray Color को इन्टरलक ब्लकको काम गरेको देखाए तापनि अति सामान्य कुरालाई बदनियतपूर्वक बोलपत्रमा समावेश गरेको र सोही अति सामान्य कुरालाई मूल्याङ्कनमा 'Grade is not mentioned and also it is notMulti-blinded Color block' भन्ने व्यहोरा उल्लेख गरी लक्षित बोलपत्र बाहेकका अन्य बोलपत्र प्रस्तावलाई असफल कायम गरेको, स्वीकृत लागत अनुमानमा नरहेका आइटम थप गरी बोलपत्र सम्बन्धी कागजात तयार गरी कुनै एक मात्र लक्षित निर्माण व्यवसायी सफल हुने गरी सार्वजनिक निर्माणको कार्यमा प्रतिस्पर्धा सीमित हुने गरी ठेक्का सम्झौता गरी गराई रु.१,८४,३८,४५८।७ नेपाल सरकार एवं सार्वजनिक संस्था नारायणी अस्पताललाई गैरकानूनी हानिनोक्सानी पुऱ्याएको पुष्टि भएको हुँदा उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरु उपर देहाय बमोजिमको सजाय हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौमा आरोपपत्र दायर गरिएको छ।

**देहायः**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | नारायणी अस्पताल, वीरगंज, पर्साका **तत्कालीन प्रमुख मेडिकल सुपरिटेन्डेन्ट संजय कुमार ठाकुर** | रु.१,८४,३८,४५८।७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा ऐ.ऐनको दफा १७ ले निर्देशन गरेबमोजिम बिगो कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा उक्त ऐनको संशोधन सहितको दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम बिगो बमोजिम कैद र जरिवाना गरी बिगोसमेत सोही ऐनको दफा १७ बमोजिम असूल उपर हुन मागदाबी लिने। निज तत्कालीन प्रमुख मेडिकल सुपरिटेण्डेण्ट रहेको देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन समेत मागदावी लिइएको छ। |

| | | | |
|---|---|---|---|
| २. | शहरी विकास तथा भवन कार्यालय पर्साका **निमित्त कार्यालय प्रमुख इन्जिनियर राजेन्द्र साह तथा इन्जिनियर म. सकुर अन्सारी** | रु.१,८४,३८,४५८।७ | भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ बमोजिमको कसूरमा प्रतिवादीहरुद्वयलाई ऐ.ऐनको दफा १७ ले निर्देशन गरेबमोजिम बिगो कायम गरी सोही ऐनको पहिलो संशोधन पूर्वको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा उक्त संशोधन पश्चातको दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम बिगो बमोजिम कैद र जरिवाना गरी बिगो सोही ऐनको दफा १७ बमोजिम असूल उपर हुन मागदाबी लिइएको छ। |
| ३. | नारायणी अस्पताल वीरगंजका **तत्कालीन नायब सुब्बा शुशिलप्रसाद यादव र तत्कालीन लेखापाल सुदिप कुमार माझी** | रु.१,८४,३८,४५८।७ | भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ बमोजिमको कसूरमा प्रतिवादीहरुलाई जनही ऐ.ऐनको दफा १७ ले निर्देशन गरेबमोजिम बिगो कायम गरी सोही ऐनको पहिलो संशोधन पूर्वको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा उक्त संशोधन पश्चातको दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम बिगो बमोजिम कैद र जरिवाना गरी बिगो सोही ऐनको दफा १७ बमोजिम असूल उपर हुन मागदाबी लिइएको छ। |
| ४. | मूल्याङ्कन समिति संयोजक **डा. विरेन्द्रबहादुर प्रधान र सदस्य-सचिव माधवी चौधरी** | | भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ बमोजिमको कसूरमा प्रतिवादीहरुलाई जनही ऐ.ऐनको दफा १७ ले निर्देशन गरेबमोजिम बिगो कायम गरी सोही ऐनको पहिलो संशोधन पूर्वको दफा ३ को उपदफा (१) को देहाय (झ)तथा उक्त संशोधन पश्चातको दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम बिगो बमोजिम कैद र जरिवाना गरी बिगो सोही ऐनको दफा १७ बमोजिम असूल उपर हुन मागदाबी लिइएको छ। |
| ५. | मिसन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.का **प्रबन्ध निर्देशक तथा Lumbini-Mission JV का आधिकारीक प्रतिनिधि जगत बुढा,** लुम्बिनी बिल्डर्स प्रा.लि.का **तत्कालीन प्रबन्ध निर्देशक बिष्णु प्रसाद शर्मा र लुम्बिनी-मिसन जे.भी.** | | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरको ऐ.ऐ.ऐनको दफा २२ को प्रतिबाधात्मक वाक्यांश बमोजिम मतियारको कार्य गरेको पुष्टि भएको हुँदा प्रतिवादीहरूलाई जनही बिगो कायम गरी सोही ऐनको दफा २२को प्रतिबाधात्मक वाक्यांश अनुसारको दफा १७ ले निर्देशन गरेबमोजिम ऐ.ऐ.ऐनको पहिलो संशोधन पूर्वको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा उक्त संशोधन पश्चातको दफा ३ को उपदफा (१) को देहाय (छ) अनुसार बिगो बमोजिम मूल कसूरदारलाई हुने सजाय बराबर कैद र जरिवाना गरी बिगो सोही ऐनको दफा १७ बमोजिम असूल उपर हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
राजेन्द्र कुमार पौडेल